Embassy of the United States
Public Affairs Office
Kathmandu, Nepal

मंसिर २४, २०६५

यूएस्एड्/नेपालको क्षेत्रीय कार्यालय अब जनकपुरमा

अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (यूएस्एड्) को संक्रमणकालिन प्रयास कार्यालय (ओटीआई) ले आफ्नो क्षेत्रीय कार्यालय जनकपुरको धनुषामा खोलेको कुरा जनाएको छ । ओटीआईका अनुसार उक्त कार्यालय डिसेम्बर ८, २००८ मा खोलिएको हो । युएस्एड्/ओटीआई को क्षेत्रीय कार्यालय यस अघि सुनसरीको इटहरीमा संचालित थियो । यस कार्यालय स्थानान्तरणले तराईका सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरुमा ओटीआई को सहायता प्रयासलाई सजिलो पार्ने आशा गरिएको छ ।

युएस्एड्/ओटीआई का कार्यक्रमहरु २००६ अगस्तमा शुरु गरिएका हुन् । यी कार्यक्रमहरु नेपालीहरुको सूचनामा पहूँच बढाउँदै राजनीतिक संक्रमणका लागि महत्वपूर्ण मुद्दाहरुमा छलफलको वातावरण बनाएर नेपालको शान्ति र प्रजातन्त्रतर्फको संक्रमण प्रयासमा सहयोग फुऱ्याउनको लागि चलाइएका हुन् । यी प्रयासहरुले शान्ति प्रक्रियामा स्थानीय तहको संलग्नता र सहभागीतालाई वृद्धि गर्नेछन् ।

"सप्तकोशी नदी र यसको वरपर आएको बाढी र सडक भत्किनाले युएस्एड्/ओटीआई ले उक्त नदीको पश्चिमतर्फ दिइआएको सहयोगमा बाधा पुऱ्यायो र सुनसरीबाट कार्यालय बाहिर सार्न बाध्य गरायो ।" युएस्एड्/नेपालका मिशन निर्देशक बेथ एस.पेइजले भन्नुभयो, "कार्यालय जनकपुरमा सारिए पनि सप्तकोशी पूर्वका क्षेत्रमा दिइआएको सहायता निरन्तर चल्ने छ । युएस्एड्/नेपालले अन्य कार्यक्रममार्फत सुनसरी लगायतका तराईका बाढी प्रभावित जिल्लाहरुमा राहत सहायतालाई जारी राख्ने छ ।"

युएस्एड्/ नेपालले आफ्ना कार्यक्रमहरु अन्तर्गत लघु अनुदान र छोटो अवधिका प्राविधिक सहायता त्यस्ता क्रियाकलापहरुलाई प्रदान गर्दछ जसले नेपालको संक्रमण प्रक्रियालाई अघि बढ्न मद्दत गर्दछन् ।

यी कार्यक्रमहरु स्थानीय गैह्रसरकारी संस्थाहरु र अन्य समुदायमा आधारित संगठनहरुसँगको साझेदारीमा कार्यान्वयन गरिंदै आएका छन् । यसको पछिल्लो उदाहरण १२ भागको साप्ताहिक स्थानीय रेडियो संवाद श्रृंखला हो । यो रेडियो श्रृंखलाले संविधान लेखनको समयमा देशका छ जिल्लाका संविधान सभाका प्रतिनिधिहरु र स्थानीय अधिकारीहरुलाई उनीहरुका चुनाव क्षेत्रसँग सम्बद्ध गर्नेछ । नागरिकहरुले आफ्ना प्रतिनिधिहरुलाई प्रश्न सोध्न र स्पष्टीकरण लिन सक्ने छन् र यसले गर्दा नागरिकहरुका लागि प्रजातान्त्रिक प्रक्रिया साक्षात हुनेछ ।

युएस्एड्/ओटीआइ ले शुरुमा आफ्नो क्षेत्रीय कार्यालय २००७ को जूलाईमा सुनसरीको इटहरीमा खोलेको हो र त्यो समयदेखि इलाम, झापा, धनकुटा, मोरङ्ग, सुनसरी, उपयपुर, सप्तरी र सिराहा जिल्लाहरुमा थुप्रै स्थानीय गैह्रसरकारी संस्थाहरुसँग शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउने कार्य गरिरहेको छ । गतवर्ष युएस्एड्/ओटीआइ ले १५ लाख अमेरिकी डलर बराबरको ५० वटा अनुदान सहयोग प्रदान गरेको छ ।

सार्वजनिक मामिला विभाग
अमेरिकी राजदूतावास
जी.पी.ओ.बक्स नं २९५
महाराजगंज, काठमाडौं, नेपाल
फोन. ९७७-१-४००७२०० एक्स्टेन्सन ४३४९
फ्याक्स: ९७७-१-४००७२८०
http://nepal.usembassy.gov

अन्तर्राष्ट्रिय विकासको लागि अमेरिकी नियोग
जी.पी.ओ. बक्स २९५
महाराजगंज, काठमाडौं, नेपाल
फोन. ९७७-१-४००७२०० एक्स्टेन्सन ४२६३
फ्याक्स: ९७७-१-४००७२८५
http://nepal.usembassy.gov